राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ११, असोज १५ गते शुक्रबार, २०७८ (01 October, 2021) | www.janajibro.com | मूल्य रू. १०।-

# सरकारको पूर्णतामा अझै किन अलमल ?

## देउवा सरकारका पौनै सय दिन : 'बहानाहरू' पालैपालो आउँदै-टर्दै, फेरि आउँदै...

■ जनजिब्रो संवाददाता

**काठमाडौं, १४ असोज ।** असार २९ मा प्रधानमन्त्री नियुक्त भएका शेरबहादुर देउवाले अझैसम्म पनि मन्त्रिपरिषद्‌लाई पूर्णता दिन सकेका छैनन् ।

पूर्ववर्ती प्रधानमन्त्री खड्गप्रसाद ओलीले बारम्बार संविधान र लोकतान्त्रिक व्यवस्था एवम् मूल्य-मान्यतामाथि हमला गरेर चरम राजनीतिक सङ्कट निम्त्याएका बेला नेपाली काङ्ग्रेस, माओवादी केन्द्र, एमालेकै माधवकुमार नेपाल नेतृत्वको 'विद्रोही' पक्ष र जनता समाजवादी पार्टीको पहल एवम् सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री नियुक्त भएका देउवाले साढे दुई महिना बित्दा समेत सरकारलाई पूर्णता दिन नसक्दा चौतर्फी आलोचना, अन्योल र आशङ्का बढेको छ ।



सरकार गठन हुँदाताका एमाले तथा जसपाभित्रको चरम अन्तर्कलहका कारण उत्पन्न परिस्थितिका बीच सरकारको पूर्णता कठिन विषय थियो । तर, एमालेबाट नेता नेपालको नेतृत्वमा विभाजित पक्षले ९ भदौमा नयाँ दलको प्रमाणपत्र प्राप्त गरिसकेपछि भने सरकारले तत्काल पूर्णता पाउने अपेक्षा गरिएको थियो । जसपाबाट महन्थ ठाकुर-राजेन्द्र महतोको नेतृत्वमा विभाजित समूहले पनि सोही दिन अलग राजनीतिक दलको मान्यता पाएको थियो । यसरी नेकपा (एकीकृत समाजवादी) लाई नयाँ राजनीतिक पार्टीका हैसियतले सत्ताघटक बन्न बाटो खुलेको र अर्को सत्ताघटक जसपाको प्रतिगामी पक्ष समेत विधिवत अलग्गिएको अवस्थामा समेत मन्त्रिपरिषद् पूर्णताको ढोका भने खुलेन । देउवा सरकारप्रति जनमानसमा रहेको 'आशङ्कासहितको सहानुभूति' त्यसपछि भने क्रमशः ओरालो लाग्न थालेको छ । यो अवस्थाले प्रतिगामी/प्रतिक्रान्तिकारी खड्ग ओलीहरूलाई समेत बोल्ने ठाउँ र अवसर प्रदान गरेको छ ।

एमाले र जसपाको अन्तर्कलहलाई 'निकास' दिन

क्रमशः अन्तिम पृष्ठमा

# फेरि 'माओवादी' बन्ने 'पूर्वमाओवादी' को प्रयास



**काठमाडौं, १४ असोज ।** सत्ताघटक नेकपा (माओवादी केन्द्र) ले आन्तरिक सङ्गठनात्मक क्रियाकलापलाई तीव्रता दिएको छ । सो पार्टीले पटक-पटक स्थायी कमिटीको बैठक राख्ने, केन्द्रीय कमिटीको बैठक सम्पन्न गर्ने, विधान संशोधन प्रस्ताव पारित गर्ने, राजनीतिक एजेन्डालाई मूर्तीकृत गर्ने र सहायक/जनवर्गीय सङ्गठनहरूको सम्मेलन-भेला-बैठकहरू गर्नेजस्ता कामहरूलाई निरन्तरता दिएको छ ।

एमोलसँग एकता भई बनेको नेकपा (नेकपा) कालमा माओवादी केन्द्र सैद्धान्तिक-वैचारिकरूपले दिशाविहीन थियो । पार्टी एकता गर्ने नाममा 'माओवाद' लाई नै 'स्थगन' गरेर राजनीतिक कार्यनीतिका रूपमा आफूले अघि सारेको 'एक्काईसौं शताब्दीको जनवाद' समेतलाई त्याग्न सहमत भएको थियो । नेकपाकालमा माओवादी केन्द्रका नेताहरू 'पूर्वमाओवादी' भनिने गरेका थिए । विगतमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई मार्गनिर्देशक सिद्धान्त मानेर सोही आधारमा पार्टीको नाम नै 'माओवादी'

क्रमशः अन्तिम पृष्ठमा

# ओलीको 'देवत्वकरण' गर्न विधान महाधिवेशन !



**काठमाडौं, १४ असोज ।** नेकपा (एमाले) सो पार्टीको 'विधान महाधिवेशन' मा होमिएको छ । उक्त पार्टीको इतिहासमै पहिलो पटक आयोजना गरिएको 'प्रथम विधान महाधिवेशन' ललितपुरको गोदावरीमा शुक्रबार सुरु भएर आइतबार समापन हुँदैछ ।

यसअघि एमाले (र अरु सबै राजनीतिक दलहरू समेत) ले राष्ट्रिय महाधिवेशन आयोजना गर्थे । सोही महाधिवेशनबाट मुख्यतः राजनीतिक रणनीति, कार्यनीति र कार्ययोजना (राजनीतिक दस्तावेज) र पार्टीको विधान पारित गर्दथे अनि नेतृत्व चयन/निर्वाचन गर्दथे । यस पटक एमालेले भने भिन्नै महाधिवेशनबाट राजनीतिक दस्तावेज

क्रमशः अन्तिम पृष्ठमा

### समय-सन्देश

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ११, असोज १५ गते शुक्रबार, २०७८

# ‘कार्यकर्ता होइन, बिग्रिएको नेता हो, सच्चिन पनि मैबाट थाल्छु’ : प्रचण्ड




**काठमाडौं ।** ‘हामीले यो आन्दोलनबाट के सिक्यौं भने बिग्रिएको कार्यकर्ता होइन, नेता हो । र, अझ विशेष रूपमा सच्चिन मैले आफैंबाट शुरुवात गर्नुपर्ने हुन्छ’ राजधानीस्थित प्रज्ञा भवनमा आयोजित पार्टीनिकट अनेरास्ववियू क्रान्तिकारीको २२औं राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफ्नो काँधमा हजारौं सहिद र घाइते अपाङ्गको ऋणको बोध रहेको बताएका छन् ।

साविकको नेकपा (नेकपा) भित्रको निरंकुश र प्रतिगामी प्रवृत्तिसँग संघर्ष गर्ने फेरि लड्ने र यति सकिएन भनेर छोड्ने भन्ने प्रश्न आएको पनि उनले बताए । भारतीय कलाकार चन्द्रशेखर आजादले अभिनयका क्रममा एक मुठी माटो लिएर मा ‘धर्ती माता’ यति नै रहेछ गर्न भनेर आत्महत्या गरेको दृश्यको स्मरण गर्दै अध्यक्ष प्रचण्डले आफू पनि झन्डै-झन्डै त्यस्तै-त्यस्तै स्थितिमा पुगेको चर्चा गर्दै भने ‘आत्मसमर्पण त गर्न सक्दिनँ, हजारौं सहिद, घाइते अपाङ्गको ऋण मेरो टाउकोमा छ। मैले या त सकिन, यत्ति नै रहेछ भने सुसाइड गर्नुपर्ने या त लड्नुपर्ने ठाउँमा पुगेको देखें ।’

गत पुस ५ मा संसद विघटन भएपछि आफ्नासामू खडा भएको लड्ने कि आत्महत्या गर्ने भन्ने दुई विकल्पमध्ये आफूले पार्टीका नेताहरूको साथ लिएर क्रन्तिकारी ढंगले लड्ने निर्णय लिएको र त्यसमा विजयी भएको पनि अध्यक्ष प्रचण्डको दावी थियो । पार्टीका सबै नेताहरूको सहयोगबाट फेरि लड्ने संकल्प लिएको पनि बताए ।

‘जेल जानुपर्छ भने जाने, मारिनुपर्छ भने पनि तयार हुने संकल्प गरियो’ अध्यक्ष प्रचण्डले भने- ‘त्यही संकल्पबाट शुरु भयो सडक आन्दोलन ।’ माइतीघर मण्डलाको सडकमा बस्दा जनताको समर्थन हुने हो कि होइन भन्ने आफ्नो आशंकालाई समेत कार्यकर्ताले समेत सडकमा आउँदा मुक्ति पाएको अनुभूति भएको उनले सुनाए ।

विसं २०५२ फागुनमा जनयुद्धको अन्तिम तयारी चलिरहँदा पनि आफूलाई त्यस्तै अनुभूति भएको चर्चा समेत अध्यक्ष दाहालले बताए । उतिबेला दुई जना वैकल्पिकसहित १७ जनाको केन्द्रीय सदस्य रहेको स्मरण गर्दै उनले भने, ‘हामीमध्ये धेरैजसो मर्छौं भन्ने थियो र फोटो खिचिएको थियो । होलटाइमर ६०/६५ जना थिए । उनीहरूमध्ये पनि धेरैजसो भाग्छन् होला जस्तो भनिएको थियो ।’

त्यतिबेला पनि जनयुद्ध शुरु भएपछि हजारौं मानिस आबद्ध भएको, अवसरवादी होला भनेका नेताहरू धेरै महान् भएका सम्झना समेत उनले गरे । यस्तै, अर्को प्रसङ्गमा अध्यक्ष दाहालले विचार, राजनीति र योजनासहित कोही आए र पार्टीले पास गरे नेतृत्त्व छाड्न तयार रहेको भन्दै उत्तराधिकारी घोषणा गर्ने गल्तीचाहिँ आफूले नगर्ने स्पष्ट पारेका छन् ।

सम्मेलनबीच किताब लेखेर बस्न पाए आफू सबैभन्दा बढी खुशी हुने बताएका उनले मञ्चतर्फ हेर्दै थपे ‘तर यसो हेर्छु अँह ।’ माओले लिनप्याओलाई गरेजस्तो अहिले उत्तराधिकारी घोषणा गर्ने गल्ती नगर्ने भन्दै उनले थपे- ‘लिनप्याओलाई उत्तराधिकारी भनेको त त्यही माओलाई गोली हान्न हिँड्यो । उत्तराधिकारी भनेको त काल हो । म किन भन्ने त्यो भन्दिनँ । राम्रो काम गरेर आउने साथीहरूलाई बाटो छोडिदिन्छु ।’

उनको नेतृत्त्वका आकांक्षीहरूलाई आग्रह थियो- ‘विचार, राजनीति योजनासहित आउनुस् । राम्रो भयो, पार्टीले पास गऱ्यो भने उत्तराधिकारी घोषणा गरेर हिँड्छु ।’

## सम्पादकीय

## एमाले ‘विधान महाधिवेशन’ र शुभेच्छा

शुक्रबारदेखि नेकपा (एमाले) को विधान महाधिवेशन सुरु हुँदै छ। हालको संसद्मा देशको सबभन्दा ठूलो पार्टीका रूपमा रहेको एमालेको राष्ट्रियस्तरको र नीति निर्माण गर्ने किसिमको कार्यक्रम सुरु हुन लाग्दा स्वाभाविक रूपले त्यसप्रति राष्ट्रको ध्यानाकर्षित भएको छ।

पछिल्लो आम निर्वाचनमा मुलुकको सबैभन्दा ठूलो पार्टीका रूपमा देखापरेको एमाले यो अवधिमा प्रचलित संविधान, लोकतान्त्रिक प्रणाली र वर्तमान प्रतिनिधिसभाको ‘दुस्मन’ का रूपमा देखापऱ्यो। साझेदार दल र अन्य सहयोगी समेतको समर्थनका आधारमा दुईतिहाइ बहुमत सहितको सरकार गठन गरेर नेतृत्व गर्ने अवसर समेत प्राप्त गऱ्यो। तर, एकालकाँटे, आत्मकेन्द्रित र विशेषतः अध्यक्ष खड्गप्रसाद ओलीको व्यक्तिकेन्द्रित व्यवहारका कारण एमाले बीचैमा सत्ताच्युत भएर प्रतिपक्षमा खुम्चन पुग्यो। असंगत राजनीतिक क्रियाकलाप र अक्षम शासकीय एवम् पार्टीगत नेतृत्वका कारण एमाले सत्ताच्युत मात्र भएन; विभाजित समेत हुन पुग्यो।

यसै परिवेशका बीच पुनर्जीवन प्राप्त गर्ने उद्देश्यका साथ एमाले अहिले विधान महाधिवेशन र दुई महिनापछि राष्ट्रिय महाधिवेशन गर्ने तयारीमा जुटेको छ। कुनै राजनीतिक दलको आरोह-अवरोह र क्रियाकलाप सम्बन्धित दल र नेताको मात्र चासोको विषय हुँदैन; त्यसले समग्र राष्ट्र र जनतालाई प्रभावित तुल्याउँदछ। अतः एमाले विगतका ‘काला’ व्यवहारबाट मुक्त भई उज्यालो बाटोतर्फ अघि बढ्न समर्थ होओस् भन्ने शुभेच्छा प्रकट गरौं!

नेपाली जनताले आ-आफ्नो आस्था र परम्पराअनुरूप मनाउने
**बडादसैं, शुभदिपावली (तिहार), छठपर्व, ल्होछार, बौद्ध पूर्णिमा**
लगायतका महान् चाडपर्वहरूको अवसरमा देश-विदेशमा रहनुभएका
सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनीहरूमा
सुख-शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका निम्ति
**हार्दिक मङ्गलमय शुभकामना !**
प्रोप्राइटर : रामबहादुर तामाङ
**ह्याङला थानापति कन्स्ट्रक्सन प्रा. लि.**
गैरीगाँउ-९, काठमाडौं
सम्पर्क नं.: ९८५१०८५१५२
९८०११८५१५२
अण्डर ग्राउण्ड, भवन, टहरा, ट्रष्ट निर्माण तथा इट्टा, बालुवा, रोडा, ढुङ्गा, माटो, चिप्स आदि चाहिएमा सम्पर्क गर्नुहोस् ।

लघुवित्तको कार्यक्रममार्फत ग्रामीण समुदायको आम्दानी एवम् रोजगारीका अवसरमा अभिवृद्धि गर्नका लागि गरिबी निवारण गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्य लिएको यस वित्तीय संस्थाले देशभरि एघार (११) वटा इलाका कार्यालय र केन्द्रीय कार्यालयमार्फत ७४ जिल्लाका १,२३३ वटा साना किसान कृषि सहकारी संस्था लि. र समान प्रकृतिका अन्य सहकारी संस्थाहरूमार्फत लघुवित्तका लागि थोक कर्जाका साथै गैहवित्तीय सेवा समेत उपलब्ध गराउँदै आएको छ। नेपाल सरकार र अन्तर्राष्ट्रिय दातृ संघ-संस्थाहरूको सहकार्यमा समुदायमा आधारित सहकारी संस्थाहरूमार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा समेत सहयोग पुयाउँदै आएको छ।
यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np बाट थप जानकारी लिन सकिने छ।
**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं
फोन.: ०१-५३२०९१३/५९०९६१२

# क्रान्तिकारी वर्गसङ्घर्षको रणनीति र कार्यनीति



विचार/दृष्टिकोण

भक्तबहादुर श्रेष्ठ

**सर्वहारा वर्ग र सशस्त्र सङ्घर्षको फौजी रणनीति र कार्यनीतिको महत्त्वमाथि जोड दिँदै एङ्गेल्सले भनेका छन् : 'पेरिस कम्युनमा यदि पुँजीपति वर्गको विरोधमा सशस्त्र जनताले आफ्नो प्राधिकारको प्रयोग नगरेको भए के त्यो एक दिन पनि टिक्न सक्थ्यो?'**

**पेरिस कम्युनमा मार्क्सवादीहरूको होइन, प्रूँधो र ब्लाङ्कीवादीहरूको प्रभाव थियो । मार्क्सले पहिले त्यसो गर्नुहुन्न, अझै केही समय पर्खनुपर्छ भनेर अभिमत जाहेर गरे पनि मजदुर वर्गले हतियार उठाएको कुराको महत्त्वमा जोड दिँदै मार्क्सले पेरिस कम्युनको दसौं जयन्तीका अवसरमा जोसका साथ भनेका थिए : 'कम्युन, जुन पुरानो दुनियाँका शासकहरूका विचारमा पूर्णरूपमा नष्ट भइसकेको छ, पहिलेको कुनै पनि समयको तुलनामा आज झन् बढी जीवनशक्तिले ओतप्रोत छ ।'**

कम्युनिस्ट पार्टीहरूको मुख्य उद्देश्य शोषकवर्गको सत्तालाई विस्थापित गरी क्रान्तिकारी वर्गसङ्घर्षद्वारा सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्नु हो । वर्गसङ्घर्षको उच्चतम अविव्यक्ति सशस्त्र सङ्घर्ष हो । लेनिन भन्छन् : 'राज्यशक्तिमाथि अधिकार प्राप्त गर्नु नै क्रान्तिको मूल प्रश्न हो ।' त्यसैले बल प्रयोगको सिद्धान्तलाई आधार बनाएर क्रान्तिकारीहरूले रणनीति बनाउँछन् । बर्न्सटिनदेखि आजसम्मका संशोधनवादीहरूले क्रान्तिकारीहरू र क्रान्तिकारी युद्धहरूमाथि प्रहार गर्दै जनता भड्काउने काम गर्न मुख्य जोड लगाएका छन् । त्यसैले यसप्रति 'जनतामा कठिनाइ हुने', 'कार्यकर्ताहरूलाई निराश पारेको', 'उत्पादकशक्तिहरूलाई बर्बाद पार्ने', 'उग्रवामपन्थी लाइन', 'दक्षिणपन्थीमा पतन हुन्छ' जस्ता विषबमन गर्ने गर्छन् । उनीहरूका दृष्टिमा प्रतिक्रियावादीहरूद्वारा जनताको हत्या गरेको सही हो र क्रान्तिकारी जनताद्वारा हतियार उठाएर प्रतिरोध गर्नु चाहिँ अपराध हो ।

यस्तो विरोध गर्नुको उद्देश्य संसदीय घेराभन्दा बाहिर जान नसक्ने सुधारवादी चिन्तन हो । क्रान्तिकारीहरू तथा सुधारवादी तथा संशोधनवादीहरूका बीच सङ्घर्ष मार्क्सवादको जन्मकालदेखि नै हुँदै आएको छ । यस्ताहरूलाई जवाफ दिँदै लेनिनले भनेका छन् : 'पुँजीपति वर्गको राज्यसत्ताको ठाउँमा, सर्वहारा राज्यसत्ता (सर्वहारा अधिनायकत्व) ओइलाएको ढंगले लिन सकिँदैन, आम नियम अनुसार यो हिंसात्मक क्रान्तिद्वारा मात्र लिन सकिन्छ ।' फ्रान्सको पेरिस कम्युन मजदुर वर्गले सशस्त्र भएर पुँजीवादको सत्ता पल्टाएको पहिलो घटना थियो ।

त्यो चाहे क्षणिकको लागि मात्र किन नहोस्, मार्क्सले त्यसलाई : 'गौरववमय आन्दोलन, मानव जातिलाई वर्गशासनबाट हमेसा मुक्त गर्ने, महान् सामाजिक क्रान्तिको बिहानी, कम्युनलाई नष्ट गरियो भने पनि त्यसबेला सङ्घर्ष केवल स्थगित हुन्छ । कम्युनको सिद्धान्त शाश्वत छ, जबसम्म मजदुरवर्ग मुक्त हुँदैन, तबसम्म यो सिद्धान्त बारम्बार प्रकट भइरहन्छ । मजदुर वर्गले बनिबनाऊ राज्यसंयन्त्र जस्ताको तस्तै आफ्नो हातमा लिन सक्तैन र उसले आफ्नो उद्देश्य पूरा गर्न त्यसलाई प्रयोग गर्न सक्तैन । सर्वहारावर्गले पुराना राज्यसंयन्त्रलाई चकनाचूर पार्नका लागि हिंसाको प्रयोग गर्नुपर्छ । सर्वहारा अधिनायकत्वको पहिलो अंग सेना हो, मजदुर वर्गले आफ्नो मुक्तिको अधिकार युद्ध भूमिका प्राप्त गर्नुपर्छ' भनेका थिए । मार्क्सका माथिका भनाइहरू, पछिका घटनाहरूले साबित गरेका छन् । त्यसैले सशस्त्र सङ्घर्ष र सैनिक रणनीति मजदुर वर्गले गर्ने क्रान्तिको लागि अनिवार्य छ भनेर सिद्ध गर्दछ ।

चुनावमा भाग लिएर सरकार बनाएका कम्युनिस्टहरूले 'सर्वहारा अधिनायकत्व' लागू गर्न सकेको इतिहास छैन । प्रतिक्रियावादीहरूको स्वार्थ अनुकूलको काम गरे मात्र त्यो सरकार टिक्छ, नत्र उसले बल प्रयोगद्वारा त्यसलाई विघटन गरिदिन्छ । त्यसैले सशस्त्र सङ्घर्षको बाटो नअङ्गाली संसदीय चुनावलाई नै रणनीति र कार्यनीति बनाउनेहरू भ्रष्ट भएर जान्छन् । प्रतिक्रियावादी वर्गले संसदीय चुनावको माध्यमद्वारा कम्युनिस्ट पार्टीलाई खरिद गर्छ र उसलाई पुँजीपति पार्टीमा बदल्छ ।

सर्वहारा वर्ग र सशस्त्र संघर्षको फौजी रणनीति र कार्यनीतिको महत्त्वमाथि बल दिँदै एङ्गेल्सले भनेका छन् : 'पेरिस कम्युनमा यदि पुँजीपति वर्गको विरोधमा सशस्त्र जनताले आफ्नो प्राधिकारको प्रयोग नगरेको भए के त्यो एक दिन पनि टिक्न सक्थ्यो?' पेरिस कम्युनमा मार्क्सवादीहरूको होइन, प्रूँधो र ब्लाङ्कीवादीहरूको प्रभाव थियो मार्क्सले पहिले त्यसो गर्नुहुन्न, अझै केही समय पर्खनु पर्छ भनेर अभिमत जाहेर गरे पनि मजदुर वर्गले हतियार उठाएको कुराको महत्वमा जोड दिँदै मार्क्सले पेरिस कम्युनको दशौं जयन्तीको अवसरमा जोसका साथ भनेका थिए : 'कम्युन, जुन पुरानो दुनियाँका शासकहरूका विचारमा पूर्ण रूपमा नष्ट भइसकेको छ, पहिलेको कुनै पनि समयको मुकाबिलामा आज झन् बढी जीवनशक्तिले ओतप्रोत छ । त्यसकारण हामी तपाईंहरूसँग मिलेर यो नारा घन्काउँछौं- 'कम्युन : जिन्दावाद ! यसबाट प्रतिक्रियावादी वर्गका विरुद्ध मजदुर वर्गले सशस्त्र भएर उठ्नु र विद्रोह गर्नु कति महत्वपूर्ण रहेछ भन्ने कुरा प्रस्ट हुन्छ ।

पेरिस कम्युन विद्रोहको ४६ वर्षपछि रूसी अक्टोबर क्रान्तिको विजयले विश्वमा सर्वहारा क्रान्ति र सर्वहारा अधिनायकत्वको नयाँ युग सुरु भएको थियो । यो शान्तिपूर्ण ढङ्गबाट भएको थिएन, पेरिस कम्युनको बाटो भएर भएको थियो, त्यसैले लेनिनले भनेका थिए : 'पुरानो राज्य मेसिनरीलाई ध्वस्त पार्ने कुरामा पेरिस कम्युन विश्व ऐतिहासिक महत्वको पहिलो कदम थियो भने सोभियत राज्यसत्ताले दोस्रो कदममा फड्को मारेको छ । युद्ध हमेसा र हरेक ठाउँमा शोषकहरूद्वारा चलाइन्छ ।'

स्टालिनले पनि क्रान्तिकारी सशस्त्र ढङ्गबाट सत्ता कब्जा गर्न पार्टी सदस्य सेनाजस्तो, सङ्गठन फौजजस्तो हुनुपर्ने र हतियार-हतियार, फेरि पनि हतियार भनेर सशस्त्र बलमाथि जोड दिएका थिए । चीन, भियतनाम, कोरिया आदि ठाउँमा जति पनि क्रान्तिहरू भए, बल प्रयोगको सिद्धान्त र सशस्त्र सङ्घर्षविना भएको थिएन । माओले अत्यन्त सरल र स्पष्ट भाषामा सशस्त्र सङ्घर्ष तथा जनसेनाको महत्वमा जोड दिएका छन् । उनले भनेका छन् : 'राज्यसत्ता सम्बन्धी मार्क्सवादी सिद्धान्त अनुसार, सेना राज्यसत्ताको मुख्य बल हुन्छ । जो कसैले पनि राज्यसत्ता कब्जा गर्न चाहन्छ र त्यसलाई कायम गर्न चाहन्छ भने ऊसँग एउटा शक्तिशाली सेना हुनुपर्छ । शसस्त्र बलद्वारा राज्यसत्ता खोस्नु, युद्धद्वारा समस्या समाधान गर्नु क्रान्तिको केन्द्रीय कार्य र सर्वोच्च रूप हो ।' क्रान्तिमा जनसेनाको महत्वको सार खिच्दै माओले भनेका छन्- 'राज्यसत्ताको जन्म बन्दुकको नालबाट हुन्छ ।'

त्यसकारण हिंसात्मक क्रान्ति सर्वहारा क्रान्तिको एउटा सार्वभौम सिद्धान्त हो । मालेमावादी पार्टीहरूले यस सार्वभौम सिद्धान्तलाई आफ्नो देशको विशिष्टता अनुसार प्रयोग गरेर नै क्रान्तिकारी माग अवलम्बन गर्न सकिन्छ । सशस्त्र संघर्षको रणनीतिक उद्देश्य अङ्गाल्ने, तर विशिष्टतामाथि ध्यान नदिन, साथै सशस्त्र सङ्घर्षको कुरा गर्ने तर कार्यनीति त्यस अनुरूपको नअङ्गाल्ने हो भने त्यसको कुनै महत्व हुँदैन ।

सर्वहारा वर्गको पार्टीको दाबी गर्ने मालेमावालदीहरू बलपूर्वक सत्ता प्राप्त गर्ने बाटोको विपरीत जान्छन् र जानेहरूको पनि विरोध गर्छन् भने उनीहरूबाट क्रान्तिलाई नोक्सानी पुग्ने मात्र होइन, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिक्रियावादी वर्गलाई नै सेवा पुऱ्याइरहेको हुन्छ ।

(**भक्तबहादुर श्रेष्ठका सङ्कलित रचनाहरू** भाग-१ बाट)



# मुसहरको दारी

कानेखुशीको चालमा कुरा गरे वकिल फर्किए त्यस्तै दुई मिनेटपछि मुसहरले आफ्ना लामालामा दारी सुम्सुम्याए। अनुहारमा चमक भरेर ओठबाट मुस्कान फैलाए।

सोच्दा हुन् कि उनीहरू मुसहर जेलमै कुहिने भो ! सर्वथा गलत ! यो भन्दा वकवास के हुनसक्छ ? जित मेरो हुँदैछ। मेरो दारीको जीत हुनु कोले भन्दैन कि मेरो जित होइन। जित मेरो हुँदैछ ! झुट बोल्न जान्दैन भाइ यो मुसहर। जित मेरै हुँदैछ।

मुसहरको कुरा ठम्याउन मलाई अलि गाह्रो पऱ्यो। तैपनि उनको खुसीको अघि मेरो उदास मुहार हुनु उनलाई साथ नदिनु अर्थ लाग्न सक्थ्यो। सकेसम्म चमकधमक पारेर मुहार खुसी बाँडे मैले।

कोले भन्दैन कि मेरो जित होइन !

उनी उही कुरा दोहोऱ्याउन थाले।

मेरो दारीको जित हुनु मेरो जित होइन र भाइ ?

स्वीकार सूचक शीर हल्लाएँ मैले। मुसहर दाइ आफ्नो ओछ्यानमा पल्टिए र पेटको बुइ चढेका आफ्ना दारी प्रेमपूर्वक स्पर्श गर्न लागे।

अब आउने पाँच दिनमा ठ्याक्कै उन्चालीस महिना पुग्छ भाइ यो यो मुसहर जेल परेको। जब म यस जेलको दैलोबाट भित्र पर्सें, तब मेरा यी दारी छालाको सतहभन्दा भित्र थिए। एक दुई दिनमै खौरिएका मेरा दारी एकाएक टुसाइहाले। बढ्दै गयो र मेरो अनुहार कालो बनायो। हेर्दा हेर्दै आज भोलि... लौ भन त भाइ चारकोसे झाडी र मेरो दारीमा क्यै फरक छ त ?

बोल्नै पर्ने खास शब्द मेरा ओठसम्म आइपुगेका थिएनन् र हो ठिक हो भन्ने भावमा मेरा अनुहार र टाउकोले संकेत गरिरहेका थिए।

सुरुमा यति छटपटी लाग्यो कि, आज छुटुँला कि भोलि भन्दै पलपल दिन गन्ति हुन्थ्यो भाइ मेरो। मन औडाहाले भतभत पोल्थ्यो। यो खोक्रो हाडछाला मात्रै हुन्थ्यो जेलभित्र, मनभरि जम्मै बाहिर। समयको बेग जस्तो गरी कुद्दो रहेछ भाइ यो मन पनि। आज भोलि हाड छाला मात्रै होइन, भएभरको मन पनि जेलभित्रै अटेको छ। चिन्ता लाग्न थाल्छ कसैले तँ छुट्दैछस्, भनेपछि।

किन ?

किन हो भने त्यो मेरो दारीलाई सोध्नुपर्छ।

दाइ पनि बडो ठट्टा गर्नुहुन्छ।

मलाई के लागेको छ भने यो पनि एक प्रकारको ठट्टा नै हो। मलाई मुस्किल यो पऱ्यो कि यसभित्रको रहस्य के हो। जब मैले आफ्नो अभिनय एकाग्रतामा मोर्डें उनी बोल्न थाले।

मलाई लाग्थ्यो कि सद्धे मान्छेको निम्ति जेलभित्र बस्नु कुनै हालतमा पनि राम्रो कुरा होइन। कुरा के छ भने भाइ, म सोचिरहन्थे र त्यही कुराको चिन्तामा हमेसा डुबिरहन्थे कि मलाई जेलका यी चार दिवारबाट तुरुन्तै मुक्त गरियोस्। सम्झना हुन्थ्यो कि समाजले थाहा पायो भने यो जेलमा बसेको मान्छे हो भनेर, त्यतिबेला म जिउँदै मरेसरी हुन्थेँ। विगत यही हो मेरो कि मेरो शरीरको कुनै पनि भागमा दाग नलागोस्। त्यही कारण थियो मैले श्रीमान्लाई त्यति उचाइबाट आदर प्रकट गर्थें र आफ्नो निदोर्षिता व्यक्त गर्थें, डाढ धनुष पार्थें र श्रीमान्को दर्शन गर्थें, जो छ श्रीमान् सब कुछ श्रीमानको हातमा छ ! मनभरि आशा मौलाउँथे मेरो- आज त पक्कै छुटकारा मिल्छ। नाकका टुप्पामा अडेको आँखाको चश्माको माथिबाट श्रीमान्को नजर बाहिर जान्थ्यो र फेरि घोरिएर फाईलका पानाहरू पल्टाएझैं गर्थे श्रीमान्ले। पक्कै म छुट्छु ! मलाई विश्वासले घेर्थ्यो। एक छिनपछि श्रीमान्को रिक्ततामा खबर हुन्थ्यो कि पेसी स्थगित भयो। मेरा सबै सपनाहरू बालुवाको महलझैं सामसुम भैहाल्थे तत्काल र म घोर खाडलमा खसेझैं हुन्थेँ। समय कति उल्टो छ हेर न भाइ आज मलाई बाहिर जाने कुरा गऱ्यो कि ठिक त्यस्तै हुन थाल्छ।

कसरी भयो दाइ यस्तो ?

त्यो कसरी भने भाइ यो कुरा मेरो दारीलाई सोध्नुपर्छ।

दाइको साहित्य बुझ्न मुस्किल पऱ्यो यो अनाडी भाइलाई ट्वाल्ल पार्दै आँखा मुसरहलाई हेर्न थालेँ म। उनी स्नेहपूर्वक आफ्ना दारी मुसार्न थाले मानौं कि सबभन्दा नजिकको प्यारो वस्तु उनको निम्ति तिनै दारी हुन्।

बोलावट भयो त्यसैबेला कि मुसहरलाई भेट्न कोही बाहिर आएको छ। जब मुसहर गेटमा गए म एक्लै परेँ कोठामा र चुपचाप त्यसै टोलाइरहेँ। हाँस्दै आए मुसहर केही बेरमै भित्र र उसैगरी हाँसिरहे मलाई हेरेर। ठिङ्ग उभिएर एकटकले मलाई हेर्दै मुसहर फेरि पनि हाँसी नै रहे।

श्रीमान्को छोरीको बिहे रैछ भाइ ! आजै विहेको साइत जुर्नु, आजै फेरि मेरो मुद्दा पेसीमा चढ्नु। तिमी नै भन भाइ श्रीमानको छोरीको विहे भन्दा मेरो मुद्दा ठूलो हुनसक्छ ?

फुच्चे, कता हो कता सानो हो नी मेरो मुद्दा र ! एक जुनीमा एक बार आउने छोरीको विहेको अघि यो जैरे मुद्दालाई तुलना गर्न मिल्छ ?

फेरि खित्का छोडेर हाँस्न थाले मुसहर।

आज पनि दाइको मुद्दा !

आज पनि पेसी स्थगित भयो नि भाइ !

फेरि उनले आफ्ना दारी मुसार्न थाले। नाइटोको भागलाई ढपक्कै ढाकेर तल्लो पेट ढाक्ने तरखरमा थिए मुसहरको दारी। लोभलाग्दो

**समय लम्कँदै जाँदा मुसहरको दारी पनि तन्किरहेछ। कपाल, जुँगा र दारी साथसाथै बढ्दा मेरा जेल जीवनका सहयात्री मुसहर दाइ आजभोलि विचित्रका देखिन्छन्।**



साहित्य/कथा

कमल निओल

नगागिरहन स्पर्श गर्छन् उनले आफ्ना दारी, देख्ने जो कसैलाई लोभ नलागिरहन सक्दैन।

थाहा छ भाइ ?

के कुरा ?

अघिल्लो महिना मेरो मुद्दाको पेसी किन स्थगित भयो ?

अहँ !

उनी फेरि हाँस्न थाले। धित मरुञ्जेल हाँसे र अन्तिममा हाँस्दै भनेः

साथीको बर्थ डे परेछ त्यै दिन फेरि हेर्नु न भाइ त्यो दिन फेरि मेरो मुद्दालाई किन पेसी चढ्नु परेको हो। दुइटा काम एक दिन परेपछि कम वजनको एउटा काम त त्यसै पछाडि धकेलिन्छ नि। श्रीमान् जस्तो मान्छे, साथी जस्तो कुरा, फेरि 'बर्थ डे' पार्टी जस्तो कार्यक्रम ! छ्याछ्या मुसहरको पेसी ! मुसहरको पेसी स्थगित नहोस् त अनि !

समय लम्कँदै जाँदा मुसहरको दारी पनि तन्किरहेछ। कपाल, जुँगा र दारी साथसाथै बढ्दा मेरा जेल जीवनका सहयात्री मुसहर दाइ आजभोलि विचित्रका देखिन्छन्। सरसफाईमा उति समय पुग्दैन उनको आफ्ना कपाल र जुँगादारीमा। घुँग्रिन पनि थालेका छन् अब त। कतै कुनै भाग भने गाँठो पर्न थालिसके। मसँगै बिहान घाम झुलिक्सकेपछि उठ्छन् उनी पनि उठेर दिशा पिसाब गर्ने र हातमुख धुने काम हुन्छ त्यसपछि। कहिले कसो उनले आफ्ना ती भालुभुत्ले रौं साबुन पानीले सफा गर्छन्। त्यतिले मात्र के भाउ लामालामा ती जुँगा दारीको।

तैपनि अरुलाई डाहा लाग्ने गरी आफ्ना दारी मुर्सान छोड्दैनन् उनी। यो क्रिया परिक्रमा आज पनि त्यसैगरी सम्पन्न भयो। दिन दोपहर भएको छ, खाजा टोक्दै छु म। उनी, फेरि दारी मुसार्दै मूल गेटको भित्रपट्टिबाट उसैगरी मुसहर आइपुगे।

क्या बात छ भाइ, मैले के भन्थेँ ! जो छ अन्तिम विजय यै दारीको हुने पक्का छ।

किन त्यस्तो क्यै संकेतत मिल्यो र दाइ ?

के कुरा गर्छौ भाइ त्यस्तो ? तिमीलाई लाग्दैन कि मैले विश्वासी कुरा गरेको हुँ।

त्यस्तो क्यै होइन, मात्र जान्न चाहेको।

जो छ यसपटक पनि मेरो पेसी स्थगित... हाँ। त्यो पनि कसरी थाहा छ ? सुन- कुरा यो परेछ कि आज पेसीको दिन श्रीमान्लाई सर्दिले छोला जस्तो भएछ। श्रीमान् भर्खर गाउँबाट पाल्नुभएको रहेछ। उताको ठण्डा हावापानी र यताको गरम हावापानी जुध्दा त्यसको शिकार श्रीमान्। तबेत ठिक छ त सबकुछ छ, साला मुद्दा अर्को दिन पनि हेर्न सकिन्छ न, कि कसो भाइ ?

त्यसो भए यसपटक पनि दाइको पेसी...

भन्दैछु नि यो मुसहर झुट बोल्न जान्दैन।

मैले मुसहरलाई एक टकले हेरिरहेँ, उनको देब्रे हात दारीमै छन्।

थाहा छ भाइ गत महिना किन स्थगित भएको थियो पेसी ?

अहँ !

श्रीमान्को नातिको पास्नी परेछ नि भाइ उस दिन। साला पेसीसेसी जा ! हर दिन कति मुद्दै हेरिरनु। पास्नी जस्तो दिनमा पेसी चढ्नु। एकदम खुसी छु भाइ स्थगित भएकोमा म। हुन त भन्नेहरू जे पनि भन्लान् तर मलाई क्यै छैन, एकदम खुसी छु म, भन्नेहरूले जे भने पनि मलाई लागेको अरु केही होइन भाइ, मात्र जित मेरै हुनेछ।

उनी बडो स्फुर्ती साथ बोल्दै छन्। कतै अव्यक्त चाहना त छैन मुक्त हुने उनको ? एक छिनलाई यो विषय बाहिर छर्न सकिन्थ्यो। स्वभाविक रूपमा मैले कुरा घुमाउरो ढंगले राख्न चाहेँ।

उतिबेलै छिन्न पर्ने हो, कति छ रे बिगो तपाईंको चोरी केसमा ?

बिगोको कुरा गर्ने हो भने त तेईस सय नि !

चोरे कै हो त तपाईंले तेईस सय ?

नगद त के चोर्नु, कुन्यूको धान एक कट्ठा माडेर लगेको चै छातीमा हात राखेर भन्छु एकदम हो !

अर्काको धान चोर्न हुन्छ त त्यसरी ?

नकुरा गरम् भाइ त्यस्तो ऐले। चोरम् भनेर चोरेको होइन, मेरो ठाउँमा तिमी भए सायद चारेको भए किन त्यत्रो बिगो लग्दा हौं !

एक कट्ठा मात्रै चोरेको भए किन त्यत्रो बिगो हाल्यो त ?

त्यो त उसैले जान्छ जसले मुद्दा पारेको छ।

हत्तेरीका तपाईं पनि, धरौटी राखेर मुद्दा लडे भैहाल्थ्यो नि त्यति बिगोको !

धरौटी राख्ने चल अचल क्यै नभएर त आफ्नै ज्यान धरौटीमा राखेर मुद्दा लडेको नि !

मेरो वाक्य फेरि बन्द हुन थाल्यो। के भनेर राहत दिने हो उनलाई, आफैं अनभिज्ञ हुन थालेँ म।

थाहा छ भाई अस्तिकी कुरा ?

भन्नुपर्छ त्यो थाहा पाउन।

डिठ्ठा साबले भन्नुभयो कि तपाईंको सबै रीत पुगेको छ, फैसला हुन मात्रै बाँकी हो। मैले ठिकै छ भनेँ। उनले भने, छिटो फैसला गरेर मुद्दा जित्नको लागि तिमीले एउटा काम गर्न बाँकी छ मुसहर दाइ। मैले सोधेँ- के काम हो ? उनले मलाई खुसुक्क भनेः टेबुलमुनिबाट हुने काम गर्नेबित्तिकै मुद्दा भोलिपल्टै साफ भैहाल्न नि ! मैले कुरा बुझिन र के भनेको भनेर सोधेँ। मैले बुझ्ने गरी फेरि पनि भनेनन् उनले, अनुहार अमिलो बनाएर फर्के गेटबाट, उनी।

मलाई भित्रभित्रै हाँसो लाग्यो त्यस्तो कुरा सुन्दा, तैपनि व्यक्त गरिन मैले शब्दमा त्यसलाई। गम्भीर भने अवश्य बनायो भित्रैदेखि।

खास केही होइन, तपाईंको कुराले अलि सोच्ने बनाएको हो।

मेरो भनाइ त के छ भने भाई जति सक्यो उति नै बढी यहाँ बस्न पाइयो भने मेरो जित त्यसैमा छ।

तर यसो किन ?

किन भने त्यो कुराको जवाफ मेरा यी बाबियोको झुप्पा जस्ता कपाललाई थाहा छ र मेरा जुँगादारीलाई थाहा छ, त्यसैलाई सोध्नुपर्छ।

के भन्छन् त तिनले यसबारे जवाफ ?

पारिलो घाम लागिरहेछ बाहिर। घाम ताप्ने दिन हो आजभोलि। भित्र चिसो छ। चिसैमा बसेर हामीले भने उही विषयमा कुरा गरिरहेछौं। मलाई कुतकुत लाग्छ के होला मुसहरको कुराको मक्सद ? तब म मुसहरको अनुहार टोलाइरहन्छु।

के भन्थे, जित मेरै भएन त ? कुरो फरकै परेन आज पनि !

के रहेछ दाइ त्यस्तो कुरा ?

आज पनि पेसी स्थगित !

ए हो र !

हो नि, मूड नभएकोले श्रीमान् क्वाटरमा जानुभएछ। अनि त आजको पेसी त्यसै स्थगित। काइदा ! जबरजस्ती मुद्दा हेरेको पनि राम्रो होला त ? धन्य छ श्रीमान्लाई ! धन्य छ कानुनी राज्यलाई !

मलाई लाग्छ तपाईंले औडाहा पोखिरहनुभाको छ।

गलत, मैले खुसी पोखिरहेको छु।

यसमा खुसी हुनुपर्ने के छ ?

किन कि यसैमा मेरो विजय सुनिश्चित छ।

कसरी ?

मेरो दारीको विजय हुनु मेरो विजय होइन ?

यै कुरो बुझ्न मलाई बाह्र बजेको छ दाइ ?

यै कुरो बुझाउने मेरो पनि लाख प्रयास हो भाइ।

दाइको कुरोको छेउटुप्पो छुनै सकिन मैले !

छुवाउने इच्छा पनि छैन।

किन ?

किनकि मलाई शंका छ मेरो दारीको पराजय हुनसक्छ !

कुरो धेरै अलमलमा पऱ्यो दाइ।

तिमी एउटा राजबन्दी हौ। तिमी र तिमी जस्ताले यी कुराको आन्द्राभूँडी बुझ्यौं भने मेरो जेलभित्रको बसाइ टुंगिन सक्छ। त्यस्तो भयो भने बारबार मैले दारी खौरनु पर्छ नयाँ मान्छे हुनलाई। समाजमा त्यतिबेला पैसाले मेरो घाँटी फेरि उठ्याउनेछ र फेरि चोरी गर्नुपर्नेछ मैले। मेरो जीउमा त्यसपछि अर्को दाग लाग्नेछ र फेरि यही जीवनमा फर्कनुपर्नेछ मैले। त्यसो नहोस् भन्ने मेरो कामना मात्र होइन भाइ, मेरो जपना पनि छ र मलाई यही जीवन प्यारो छ। म खबरदारी गर्छु, प्यारो मेरो जीवनलाई तिमी जस्ताले दखल पुऱ्याउन कदापि पाउनेछैनौ।

मेरो मुटुमै ठोक्नु भयो दाइले वाण !

जे पनि सम्झन् सक्छौ, तर मेरो प्यारो जीवनलाई दखल पुऱ्याउने अधिकार तिमीलाई छैन।

त्यसैले बाहिर गेटमा वकिल आइपुग्छ। मुसहर वकिल छेउ पुगे। सुनाए कि वकिलले मुद्दा आजै टुंगिने थियो। श्रीमान्को मन धेरै खुसी छ रे आज, यो क्षणमा के मुद्दा हेर्नु भनेर भ्रमणमा निस्कनुभएको छ। नआत्तिनुस् मुसहर, धैर्यताको फल अवश्य मिठो हुनेछ !

मुसहर खित्का छोडेर हाँस्दै आए। प्रेमपूर्वक दारी मुर्सादै रहे, । जब उनी भित्रै आइपुगे तब फेरि मेरै छेउ उभिए। एक टकले मलाई हेर्दै र उही हाँसो हाँस्दै नारा लाउन थालेः

यो जित कसको- मुसहरको !

मुसहरको दारी- जिन्दावाद ! *(भोके रातबाट)*

## मध्यपुर थिमी नगरपालिकाको अनुरोध !

मध्यपुर थिमी नगरपालिकाभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय तथा संस्थाहरू अनिवार्यरूपमा नगरपालिकामा दर्ता गरी आफ्नो व्यवसायलाई वैधानिकता प्रदान गरौं । साथै यस नगरपालिकाभित्र घरजग्गा हुनेले सम्पत्ति कर/भूमिकर घर तथा कोठा भाडामा दिई आय-आर्जन गरेवापत घरबहाल कर, नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय गर्नेले व्यवसाय कर र सार्वजनिक स्थानमा विज्ञापन/सूचनापाटी राख्न विज्ञापन कर तिर्नुपर्ने कानुनी व्यवस्था रहेकाले आफ्नो दायित्वभित्र पर्ने कर समयमा र नियमितरूपमा भुक्तानी गरी असल र सभ्य नागरिकको परिचय दिऔं ।

**मध्यपुर थिमी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, नेपाल

## स्वच्छ दूध र दूधका परिकार : स्वस्थ र सुखी परिवार !

**मानव शरीरलाई चाहिने अधिकाङ्श आवश्यक पौष्टिक तत्वहरू भएको दूध पूर्ण र सन्तुलित आहार हो ।**

**स्वच्छ दूध उत्पादन र सेवन गरौं !**
**परिवारलाई स्वस्थ र सुखी राखौं !!**

**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**

आयोजना व्यवस्थापन कार्यालय

हरिहरभवन, ललितपुर

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**नेपाल गुणस्तर तथा नापतौल विभाग**

## उपभोक्ता वर्गमा जानकारी

सर्वसाधारण जनताको हितका लागि कुनै पदार्थको गुणस्तर निर्धारण गर्न एवं त्यस्ता पदार्थहरूमा गुणस्तर प्रमाण चिह्न (N) प्रयोग गर्न तथा नेपालभरि मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टचाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने प्रमुख उद्देश्यअनुसार यस विभाग कार्यरत रहँदै आएको छ । नेपाल गुणस्तरको निर्धारण नेपाल गुणस्तर परिषद्बाट स्वीकृत भएपछि हुन्छ र यस्ता नेपाल गुणस्तरहरू स्वेच्छिक मात्र रहन्छन् । वस्तुको गुणस्तर प्रमाणीकरण यस विभागबाट गराई नेपाल गुणस्तर प्रमाण चिह्न (N) आफ्नो उत्पादनमा अङ्कित गर्न सकिन्छ । नेपाल गुणस्तर प्रमाण चिह्न अङ्कित वस्तुले सम्बन्धित नेपाल गुणस्तरमा तोकिएका आवश्यकताहरू अनिवार्यरूपमा पालना गर्नु पर्दछ । साथै, नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनिवार्य गरिएका नेपाल गुणस्तरको हकमा अनिवार्यतः नेपाल गुणस्तर प्रमाण चिह्न अङ्कित गर्न इजाजत लिनु पर्दछ । र, हालसम्म अनिवार्य गरिएका निम्न वमोजिमका १२ वटा वस्तुहरूको हकमा गुणस्तर चिह्न अङ्कित भएमा मात्र बिक्रीवितरण एवम् खरिद गर्न यस विभाग सबैमा अनुरोध गर्दछ ।

१. साधारण पोर्टल्याण्ड सिमेन्ट
२. साधारण स्लाग सिमेन्ट
३. पोर्टल्याण्ड पोजोलोना सिमेन्ट
४. एल.पी.जी. सिलिण्डर
५. ड्राई सेल एण्ड ब्याट्री
६. फलामे छड
७. जी.आई. वायर
८. पी.भी.सी. केबल (हाउस वायरिङ)
९. एल.पी.जी. रेगुलेटर
१०. भल्भ, फिटिङ्स फर एल.पी.जी. सिलिण्डर
११. कम्पोजिट ग्यास सिलिण्डर तथा टचुब्स
१२. एल.पी.जी. बोटलिङ अपरेसन

**चिह्न लगाएको वस्तु नै किन ?**

- गुणस्तरको प्रत्याभूति, सुरक्षा, व्यापारमा वृद्धि, निर्यात प्रवर्द्धन, परीक्षण आदिबाट समय र शुल्कको बचावट ।
- गुणस्तर प्रमाण चिह्न अङ्कित वस्तुहरू सबैको सहमतिमा निर्धारित गुणस्तरअनुसार उत्पादकले उत्पादन गरी स्थापित अन्ततर्राष्ट्रिय विधिअनुसार गुण व्यवस्थापन तथा परीक्षण भई गुणस्तर सुनिश्चितता प्रदान गरिएको हुन्छ ।

**नेपाल गुणस्तर तथा नापतौल विभाग**

बालाजु, काठमाडौं, फोन नं.: ०१-४३५०४४५

## हार्दिक मङ्गलमय शुभकामना !

**विजयादशमी तथा शुभदीपावली, २०७८ को सुखद् उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनीहरू एवम् समस्त ग्राहक महानुभावहरूमा सुख-शान्ति, सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको**

**हार्दिक मङ्गलमय शुभकामना !**

राष्ट्रको सञ्चार

नेपाल टेलिकम

**नेपाल टेलिकम परिवार**

दूरसञ्चार भवन, भद्रकाली प्लाजा

काठमाडौं, नेपाल

## सरकारको...

भन्दै १ भदौमा सरकारले एकाएक सिफारिस गरी राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा २ भदौमा जारी गरिएको अध्यादेशका कारण विशेषतः सत्ताघटक जसपा फेरि फुट्ने डरका कारण पछिल्लो समय पनि सरकारले पूर्णता पाउन सकेन। अध्यादेश खारेज गराउँदा माधव नेपालहरूको पार्टीविरुद्ध ओलीहरूले सर्वोच्चमा दायर गरेको मुद्धा प्रभावी हुन पुग्ने र अध्यादेश कायम राख्दा उपेन्द्र यादवहरूको पार्टी फेरि फुट्ने त्रासका कारण सरकारको गत्यावरोध लम्बियो। ओलीको मागवमोजिम माधव नेपालहरूविरुद्ध अन्तरिम आदेश दिन अस्वीकार गर्दै सर्वोच्च अदालतले ५ असोजमा कारणदेखाऊ आदेश जारी गरेपछि अध्यादेश खारेजीको समेत बाटो खुल्यो। सरकारको सिफारिसमा राष्ट्रपति भण्डारीले ११ असोजमा अध्यादेश खारेज गरिदिइन्।

मुद्धा र अध्यादेशको गाँठो समेत फुकेपछि १३ असोजसम्म सरकारले पूर्णता पाउने व्यापक चर्चा थियो। तर, अझैसम्म पनि मन्त्रिपरिषद्को पूर्णता कहिले र कसरी हुन्छ भन्ने कुनै ठेगान हुन सकेको छैन। सरकारले तत्काल पूर्णता पाउने चर्चा चलिरहेकै बेला 'वर्तमान सत्ताको साँचो बोकेका' भनिएका नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल बिरामी परे र १३ असोजमा त्रिवि शिक्षण अस्पतालमा भर्ना भए। त्यसपछि फेरि पनि कम्तिमा एक साताका लागि मन्त्रिपरिषद्को पूर्णता पछि धकेलिएको छ।

राष्ट्रिय राजनीति, राजनीतिक दल, नेताविशेष, व्यक्ति र परिवारमा अनेकौं समस्या हुन्छन्/भइरहन्छन्। एउटा समस्या जसोतसो टर्छ र फेरि अर्को समस्या आइलाग्छ। यस्ता समस्या र बहानाका कारण सिङ्गै मुलुक बन्दी बन्नु हुँदैन/बनाउन पाइँदैन। अझ चौतर्फी सङ्कटले जेलिएको वर्तमान राष्ट्रिय राजनीतिक सन्दर्भमा, खड्ग ओली समूहले मच्चाएको चरम अराजकता, भ्रष्टाचार, व्यभिचार र प्रतिगमनको छायाँ हट्न नपाउँदै 'प्रतिगमन परास्त गर्न' बनेको भनिएको देउवा सरकारलाई त यसरी 'किंकर्तव्यविमूढ' भएर 'फुर्सद' लिने छुट छँदै छैन।

## फेरि माओवादी...

राखेको सो पार्टी माओवादीको कट्टर विरोधी एवम् सैद्धान्तिक-राजनीतिक-वैचारिक प्रश्नमा कहीं-कतै समानता नभएको एमालेसँग पार्टी एकत गर्न पुगेको थियो। ३ जेठ, २०७५ मा एमाले-माओवादी केन्द्रबीच भएको पार्टी एकता र त्यसपछि बनेको नेकपा (नेकपा) लाई २३ फागुन, २०७७ मा सर्वोच्च अदालतले बदर गरिदिएपछि पूर्ववत एमाले र माओवादी केन्द्र 'ब्युँतिएका' थिए। त्यसपछि 'पूर्वमाओवादी' हरूले फेरि आफूलाई 'माओवादी' नै भनाउन/दावी गर्न थाले।

यसरी 'माओवादी' बाट 'पूर्वमाओवादी' भईवरी फेरि 'माओवादी' नै बन्नुपर्दाको सकस सामान्य छैन। विगतमा आफ्ना नेता-कार्यकर्ता, सङ्गठन, स्रोत-साधन, सहयोगी तप्का, समर्थक-शुभचिन्तकदेखि रणनीति-कार्यनीति र सिद्धान्तसम्मलाई एक हिसाबले 'त्यागिसकेको' माओवादी केन्द्रका नेताहरू अब फेरि ती सबैको पुनर्प्राप्तिका निम्ति प्रयासरत देखिन्छन्। प्राविधिक र व्यावहारिकरूपले तङ्ग्रने प्रयास गरे तापनि सैद्धान्तिक-वैचारिक हिसाबले फेरि 'माओवादी' नै बन्नेतर्फ भने सो पार्टीका नेताहरूको प्रयास कहीं-कतै देखिँदैन।

सङ्गठनात्मक, प्राविधिक एवम् भौतिकरूपले करिव-करिव शून्यबाट नै उठेर फेरि पनि पहिलो संविधानसभाकालकै माओवादीका हैसियतमा आफूलाई उभ्याउने अभिलाषा माओवादी केन्द्रका नेताहरूमा देखिन्छ। 'अबको चुनाव ०६४ को जस्तो बनाउनैपर्छ हामीले'- सार्वजनिक अभिव्यक्तिहरूमा अध्यक्ष प्रचण्डले बारम्बार भन्न थालेका छन्। यसबीच पटक-पटक विभाजन व्यहोरेको माओवादीका तीन मुख्य घटकहरूमध्येको एउटा माओवादी केन्द्र मात्रैको प्रयासले भने त्यस्तो अभिलाषा त्यति सहजै पूरा हुने देखिँदैन।

## ओलीको...

र विधान पारित गर्ने अनि पछि राष्ट्रिय महाधिवेशन गरेर त्यसबाट भने नेतृत्व निर्वाचित मात्रै गर्ने अभ्यास थालेको छ। त्यसैले 'दसौं राष्ट्रिय महाधिवेशन' अघि नै एमालेले 'प्रथम विधान महाधिवेशन' सुरु गरेको छ।

तर, विधान अधिवेशनमा प्रस्तुत गर्नका लागि तयार पारिएका दस्तावेजहरू, कार्यक्रमस्थलको भौतिक तयारी, प्रतिनिधिहरूको सङ्ख्या र प्रवृत्तिलगायतका समग्र पाटा-पक्षलाई हेर्दा यो अधिवेशन केवल ओलीको शक्ति सञ्चय, पदको सुरक्षा र व्यक्तित्वको 'देवकत्वकरण' कै लागि मात्र आयोजना गरिएको स्पष्टै देखिन्छ। सामूहिक नेतृत्वमा चल्दै आएको एमाले नाममा कम्युनिस्ट भए पनि यथार्थतामा बुर्जुवा पुँजीपति वर्गको राजनीतिक संस्था थियो। अब यो त्यतिमा मात्र पनि सीमित नरही एउटा व्यक्तिको निहीत स्वार्थ र महत्त्वाकाङ्क्षा परिपूर्तिको माध्यम/साधन बन्न गएको देखिँदैछ। विधान महाधिवेशनमार्फत ओलीको त्यही आकाङ्क्षालाई वैधता दिने तयारी देखिएको छ।

## अमेरिका पठाउने भन्दै नेपाल भित्र्याइँदै रोहिंग्या शरणार्थी

**काठमाडौं।** केही गिरोहको मिलेमतोमा अमेरिका पठाउने प्रलोभनमा पारेर बङ्गलादेशी रोहिङ्ग्या शरणार्थीलाई नेपाल भित्र्याइने गरेको खुलासा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गरेको छ।

हाल राजधानीस्थित कपनमा रहेको रोहिङ्ग्या शरणार्थी क्याम्पमा बस्ने नूर अमिन र सोफिक आलमले बङ्गलादेशी नागरिक आजमत अलिसँगको मिलोमतोमा अन्य शरणार्थीलाई भित्र्याएको अनुसन्धानबाट खुल्न आएको ब्युरोले जनाएको छ।

नेपालबाट अमेरिका जाने परिचयपत्र पाइने, मासिक प्रतिव्यक्ति पुरुषलाई ५ हजार ७ सय पचास र महिलालाई ३ हजार ७ सय पचास अनि बालबालिकालाई २ हजार ७ सय पचास रूपैयाँ भत्तासहित अन्य सुविधा समेत दिने प्रलोभनमा पारेर नेपाल ल्याउने गरेको पत्ता लगाएको दावी ब्युरोले गरेको छ।







## राष्ट्रिय जनगणना २०७८
## आम सुदायमा अपिल

यही २०७८ साल भाद्र ३० देखि आश्विन १८ सम्म (बीस दिन) प्रत्येक घर तथा घरपरिवारमा राष्ट्रिय जनगणना २०७८ का लागि घर तथा घरपरिवार सूचीकरण कार्य गर्न सुपरीवेक्षकहरू आउँदैछन्। उनीहरूलाई आफ्नो सही विवरण दिई आफ्नो घर तथा घरपरिवार सूचीकृत भएको सुनिश्चित गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३०५३८६ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं